# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२१ | काठमाडौं | मंगलबार, ०५ भदौ २०८० | Prabhab National Daily | Tuesday, August 22, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



- आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
- कुनै पनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथि विचार पुऱ्याऔं
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## संसद् अवरोध हटाउने सहमति



**काठमाडौं (प्रस)–** संघीय संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय दलहरूले सुन तस्करी प्रकरणमाथि छानबिनका लागि गठन गरिने समितिको कार्यादेश (टिओआर) तय गर्ने सहमति गरेका छन् । सोमबार राति बसेको दलहरूको बैठकले उक्त सहमति गरेको हो । यससँगै झण्डै एक महिनादेखि प्रतिनिधिसभा बैठकमा जारी अवरोध हट्ने भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेका अनुसार आज (मंगलबार)सम्म कार्यादेशको मस्यौदा तयार पार्ने गरी दलहरूबीच सहमति जुटेको हो । मंगलबारसम्म छानबिन समितिको टिओआर तयार गर्नका लागि नेकपा एमालेका नेता सुवासचन्द्र नेम्बाङ, नेपाली कांग्रेसका नेता रमेश लेखक र नेकपा माओवादी केन्द्रका नेता हितराज पाण्डे सदस्य रहनेगरी सोमबारको बैठकले कार्यादेश समिति गठन गरेको छ ।

लामो समयदेखिको संसद्को गतिरोध हटाउनका लागि प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रिय दलहरूको बैठक आह्वान गरेका थिए । राष्ट्रिय दलहरूको सोमबारको बैठकमा संसद् सञ्चालन गर्नेबारे सकारात्मक छलफल भएको तथा त्यसका लागि सबै विकल्प र सम्भावना खोजिने गरी दलहरूबीच सहमति भएको कांग्रेस नेता लेखकले जानकारी दिए । उनले अब निर्धारित समयमै संसद् बैठक बस्ने सहमति भएको समेत बताए ।

बैठकमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष बुद्धिमान तामाङ, जनता समाजवादी पार्टी (जसपा) का नेता राजकिशोर यादवलगायत सहभागी थिए ।

## प्रधानन्यायाधीशमा श्रेष्ठ नियुक्त

**काठमाडौं (प्रस)–** कायम मुकायम प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश पदमा नियुक्त भएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन् ।


सांसदको प्रश्न–
**न्याय कसका कारण महँगो ?**
*(पृष्ठ ३ मा)*




राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । संसदीय सुनुवाइ समितिको सोमबारको बैठकले प्रधानन्यायाधीशमा उनको नाम सर्वसम्मत अनुमोदन गरेको थियो ।

वि.सं. २०१६ असोज २० गते डोटी जिल्लामा जन्मनुभएका श्रेष्ठको कैलालीको धनगढीमा स्थायी बसोबास भए पनि हाल काठमाडौं कुलेश्वरमा बस्दै आएका छन् । श्रेष्ठले सन् १९८४ देखि सुदूरपश्चिम क्षेत्रीय अदालतमा शाखा अधिकृतका रूपमा सरकारी सेवामा प्रवेश गरेका थिए । जिल्ला, उच्च हुँदै सर्वोच्च अदालतमा न्याय सम्पादनमा सक्रिय रहेका श्रेष्ठ ३१औं प्रधानन्यायाधीश बनेका छन् ।

कानुनमा स्नातक र मानवशास्त्रमा स्नातकोत्तर गरेका श्रेष्ठ २०३८ चैत २७ गतेदेखि न्याय सेवामा प्रवेश गरेका थिए । श्रेष्ठको कार्यकाल १४ महिना बाँकी छ । उनी २०८१ साल असोज १९ मा अनिवार्य अवकाशमा जानेछन् । श्रेष्ठले सन् २००४ मा गोरखा दक्षिणबाहु तेस्रो र सन् १९९१ मा गोरखा दक्षिणबाहु चौथो प्राप्त गरेका थिए ।

# कोशीमा राजनीतिक दाउपेच

- विवादै विवादबीच मुख्यमन्त्री थापाले पाए विश्वासको मत
- विश्वासको मत फेल गराउन उपसभामुख र एमाले-राप्रपाका नौ जना ज्येष्ठ सांसद बैठकमा गयल
- अध्यक्षता गरिरहेका इस्राइल मन्सुरीलेसमेत मत राख्दा थापाको पक्षमा बहुमत
- फेरि अदालत जाने कोशी एमालेको चेतावनी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सोमबार प्रदेशसभाबाट विश्वासको मत पाए पनि पुनः विवादमा तानिएका छन् । मुस्किलले मुख्यमन्त्रीमा नियुक्त थापा विश्वासको मत लिँदा पनि विवादमा तानिएका हुन् । थापा असार २२ गते कोशी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए । नियुक्त हुनासाथ उनीविरुद्ध सर्वोच्चमा रिट परेको थियो ।

सर्वोच्चले साउन ११ गते थापाको नियुक्ति बदर गरेको थियो । उनै थापा साउन १६ गते दोस्रोपटक पुन मुख्यमन्त्रीमा नियुक्त भएका थिए । मुख्यमन्त्रीमा नियुक्त भएपछि विश्वासको मत लिनुपर्ने हुन्छ । सोहीअनुरूप सोमबार विश्वासको मत लिँदा थापा पुनः विवादमा तानिएका हुन् ।

### विश्वासको मत घोषणा हुँदा होहल्ला

एमालेले विश्वासको मत फेल गराउन तथा गठबन्धनको नेतृत्वमा बनेको सरकार ढाल्न उपसभामुख र नौ जना ज्येष्ठ सांसदलाई बैठकमा अनुपस्थित गराएको थियो । यता गठबन्धनले भने सभाध्यक्षको जिम्मेवारी पाएका ज्येष्ठ सांसद इस्राइल मन्सुरीलाई नै मुख्यमन्त्री थापालाई विश्वासको मत दिन लगाएर नयाँ अभ्यास सुरु गरे ।

सबैले मतदान गरिसकेपछि मत सच्याउन सभाध्यक्षको आसनबाट मन्सुरीले पाँच मिनेटको समय दिएका थिए । समय सकिनासाथ उनले सभाध्यक्षको आसनग्रहण गर्न अध्यक्ष मण्डलकी सांसद गीता तिम्सिनालाई जिम्मेवारी दिए । मन्सुरीले तिम्सिनालाई सभामुखको कुर्सीमा बस्न दिएको एक मिनेट १० सेकेण्डमा मुख्यमन्त्रीको विश्वासको मतको पक्षमा मतदान गरेर पुनः सभाध्यक्षको कुर्सीमा गए । त्यसपछि तिम्सिना सत्तापक्षको कुर्सीमा फर्किन् ।

सोमबार विश्वासको मत घोषणा हुँदा प्रमुख प्रतिपक्षी दल एमालेले रोस्ट्रम घेर्दै नाराबाजी गरे । अध्यक्षता गरिरहेका व्यक्तिसमेतले मत राख्दा थापाको पक्षमा ४७ मत पऱ्यो । ९३ सदस्यीय कोशी प्रदेशसभामा प्रदेशका मुख्यमन्त्रीमा बहुमतका लागि ४७ मत आवश्यक पर्छ । सोमबार कूल उपस्थित थिए ७७ । मुख्यमन्त्रीको विपक्षमा ३० मतमात्र परेपछि एमालेले होहल्ला गरेको हो ।

यो विषयमा फेरि अदालत जाने कोशी एमालेले चेतावनी दिएको छ । 'संविधान जोगाउन पनि हामी अदालत जानै पऱ्यो,' पूर्व मुख्यमन्त्री एवं एमाले संसदीय दलका नेता हिक्मत कार्कीले भने ।

### उपसभामुख काठमाडौं लाग्दा तनाव

कोशी प्रदेशका सभामुख थिए बाबुराम गौतम । पहिलोपटक थापा मुख्यमन्त्री बन्दा गौतमको समेत हस्ताक्षर थियो । सर्वोच्चको आदेशसँगै थापाको पहिलो कार्यकाल बदर भयो । लगत्तै साउन १६ गते गौतमले सभामुख पदबाट राजीनामा दिए । हाल गौतम आर्थिक मामिलामन्त्री नियुक्त भएका छन् । कोशीमा सभामुखको पद रिक्त छ भने उपसभामुख एमालेकी सिर्जना दनुवार छिन् । मुख्यमन्त्री थापाले आइतबारका लागि विश्वासको मत लिने तयारी गरेकोमा उपसभामुख दनुवारले सोमबारका लागि बैठक सारेकी थिइन् ।

उनै उपसभामुख दनुवार भने बैठकका दिन काठमाडौं आइन् । प्रदेशसभा सचिवालयलाई आफू सोमबारको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउँदै दनुवार काठमाडौं आएपछि सत्ता गठबन्धनले ज्येष्ठ सदस्य मन्सुरीलाई अध्यक्षता गर्न लगाए । (बाँकी पृष्ठ २ मा)

### कोशीको घटनाक्रम

**पुस २४:** एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका एक सांसदको समर्थनमा हिक्मत कार्की मुख्यमन्त्रीमा नियुक्त
**फागुन १७:** प्रदेशको नाम 'कोशी' नामाकरण गर्ने प्रस्ताव प्रदेशसभाबाट पारित
**जेठ १७:** जसपा सरकारबाट फिर्ता
**जेठ २३:** माओवादी सरकारबाट फिर्ता
**असार १५:** विश्वासको मत नपाउँदा मुख्यमन्त्री हिक्मत कार्कीको पद गुम्यो
**असार २२:** सभामुखसमेतको समर्थनमा नेपाली कांग्रेसका उद्धव थापा मुख्यमन्त्री नियुक्त
**असार २२:** थापाको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा एमालेको रिट
**असार २७:** दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चको आदेश
**साउन ८:** कोशी सरकारको मुद्दा पूर्णइजलासमा पठाउने आदेश
**साउन ११:** उद्धव थापाको मुख्यमन्त्री नियुक्ति बदर । सात दिनभित्र नयाँ सरकार गठन गर्न आदेश
**साउन १२:** प्रदेश प्रमुख परशुराम खापुङद्वारा मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान
**साउन १६:** सभामुख बाबुराम गौतमको राजीनामा
**साउन १६:** उद्धव थापा ४७ सांसदको समर्थनमा दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त
**साउन १७:** माओवादी केन्द्रका बाबुराम गौतम, नेकपा एकीकृत समाजवादीका कमल जबेगु र कांग्रेसका प्रदीपकुमार सुनुवार मन्त्री नियुक्त
**भदौ ४:** मुख्यमन्त्री उद्धव कार्कीलाई विश्वासको मत

**सन्दर्भ : वैदेशिक रोजगार**


## श्रम स्वीकृति विकेन्द्रीकरणले सेवाग्राही लाभान्वित

■ **मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारले श्रम स्वीकृतिलगायतका सेवाहरू विकेन्द्रीकरण गरी प्रदेशस्तरबाटै दिन थालेपछि वैदेशिक रोजगारीमा जाने युवाहरू लाभान्वित भएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले काठमाडौंमा मात्रै केन्द्रीकृत भएको वैदेशिक रोजगारसम्बन्धी सेवाहरूलाई विकेन्द्रित गर्दै गत वर्षदेखि प्रदेशबाटै सेवा प्रवाह गर्न थालेपछि त्यसको सकारात्मक प्रभाव देखिएको हो ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका अनुसार श्रम स्वीकृतिको काम प्रदेशका श्रम कार्यालयबाट गत आर्थिक वर्षमा ७५ हजार ११८ जना श्रमिकले सेवा लिएका छन् । सेवाग्राहीले श्रम कार्यालयबाट पुनः तथा व्यक्तिगत श्रम स्वीकृतिमात्रै लिएको विभागले जनाएको छ । जसमा पुनः श्रम स्वीकृति लिनेको संख्या ६९ हजार ५९५ र व्यक्तिगत श्रम स्वीकृतिको संख्या पाँच हजार ५२३ रहेको उल्लेख गरिएको छ । सरकारले २०७५ सालदेखि पुनः श्रम स्वीकृतिसम्बन्धी सेवा प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयमार्फत प्रदान गर्दै आए पनि प्राविधिक र जनशक्तिको अभावमा अड्किएको थियो । तर गत वर्षदेखि पुनः श्रम स्वीकृतिसहित नयाँ तथा व्यक्तिगत श्रम स्वीकृति दिने निर्णय गरेसँगै सेवाग्राहीले प्रदेश कार्यालबाटै सेवा लिन थालेका छन् ।

विभागका प्राविधिक निर्देशक एवं प्रवक्ता इ. मणिनाथ गोपले वैदेशिक रोजगार विभागबाट हुँदै आएको श्रम स्वीकृतिसम्बन्धी सेवाहरू प्रदेशमा रहेका श्रम विभागअन्तर्गतका कार्यालयबाट प्रवाह हुँदा सेवाग्राही लाभान्वित भएको बताए । 'आफ्नो पायक पर्ने श्रम कार्यालयबाट श्रम स्वीकृतिलगायतका सेवा पाउने भएपछि विदेश जानेहरूलाई काठमाडौं धाउनुपर्ने झण्झट हटेको छ,' उनले भने, 'यसले श्रमिकको अतिरिक्त पैसा, समय खर्च हुनबाट जोगाएको छ ।' श्रमसम्बन्धी सबै गतिविधि सञ्चालनमा ल्याइए पनि दुई वर्षयता विभाग मातहतका श्रम कार्यालयको जनशक्ति प्रयोग गरेर श्रम स्वीकृतिको काम हुँदै आएको छ ।




हाल सबै श्रम तथा रोजगार कार्यालयबाट अनलाइनमार्फत नै संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति सेवा प्रवाह हुनेगरी पूर्वाधार तयार भएको प्रवक्ता गोपले जानकारी दिए । हाल वैदेशिक रोजगार कार्यालय ताहाचल काठमाडौंबाहेक प्रदेशिकरूपमा विराटनगर, जनकपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा रहेका श्रम तथा रोजगार कार्यालयबाट अनलाइनमार्फत श्रम स्वीकृतिसम्बन्धी सम्पूर्ण सेवा विस्तार गरिएको छ । यसअघि उल्लिखित कार्यालयबाट पुनः श्रम स्वीकृतिको काममात्र हुने गरेको थियो ।

सरकारले श्रम स्वीकृतिको कार्यलाई प्रदेशमा विकेन्द्रीकरण गरेपछि वैदेशिक रोजगारीमा जाने युवाहरू मात्र नभई म्यानपावर कम्पनी, अभिमुखीकरण तालिमप्रदायक संस्थासमेत लाभन्वित भएका छन् । जसका कारण नयाँ श्रम स्वीकृतिका लागि मागपत्र, सम्झौतापत्र लगायतका कागजात प्रमाणीकरणका लागि काठमाडौं धाउनुपर्ने बाध्यता हटेको छ । अहिले वैदेशिक रोजगार विभागको अनुमति प्राप्त म्यानपावर कम्पनी काठमाडौंमा मात्रै ८६८ वटा सञ्चालनमा रहेका छन् । यस्तै, काठमाडौंबाहिर विभिन्न म्यानपावरका ५१ वटा शाखा कार्यालय छन् । प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयबाट वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण सेवा प्रवाह हुन थालेपछि काठमाडौंमा रहेको वैदेशिक रोजगार कार्यालयमा सेवाग्राहीको चाप घट्दै गएको बताइएको छ ।

## ११२ परिवारका सदस्यलाई उपचार खर्च

**काठमाडौं (प्रस)–** सरकारले वैदेशिक रोजगारीमा गएका ११२ श्रमिकका परिवारका सदस्यलाई स्वास्थ्य उपचार खर्च उपलब्ध गराएको छ । वैदेशिक रोजगार बोर्डको सचिवालयले गत आर्थिक वर्ष २०७९/८० मा गम्भीर बिरामी परेका रोजगारीका लागि विदेश गएका श्रमिकका परिवारका सदस्यलाई ५६ लाख रूपैयाँ स्वास्थ्य उपचार खर्च उपलब्ध गराएको हो ।

बोर्डले बिरामीको अवस्था हेरी वैदेशिक रोजगारीमा गएका श्रमिकका परिवारका सदस्यलाई स्वास्थ्य उपचारका लागि ५० हजार रूपैयाँसम्म आर्थिक सहायता प्रदान गर्ने गर्छ । 'कामदारका परिवारको स्वास्थ्य उपचारसम्बन्धी मापदण्ड, २०७३' अनुसार स्वास्थ्योपचार खर्च उपलब्ध गराउँदै आएको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए । उनका अनुसार श्रमिकका परिवारको बिरामी सदस्यलाई तत्काल शल्यक्रिया गर्नु नपर्ने अवस्थामा १५ हजारसम्म, सामान्य शल्यक्रिया गर्नुपर्ने अवस्थामा ३० हजार र शल्यक्रियासहित औषधि सेवन गर्नुपर्ने अवस्थामा ५० हजार रूपैयाँ उपलब्ध गराउने व्यवस्था छ ।

उपचार खर्च दाबी गर्न मापदण्डअनुसार आवश्यक कागजातसहित बिरामीको रोग खुल्नेगरी सरकारी अस्पताल वा मान्यताप्राप्त चिकित्सकको 'प्रेस्किप्सन' वा सिफारिसपत्र पेस गर्नुपर्ने बोर्डले जनाएको छ । सहायता क्यान्सर, मिर्गौला प्रत्यारोपण, मुटुको शल्यक्रिया, पार्किन्सन्स र अल्जाइमरजस्ता गम्भीर प्रकृतिको बिरामीले मात्रै यो सुविधा पाउने बताइएको छ । वैदेशिक रोजगारीमा गएको श्रमिकले पालनपोषणको जिम्मेवारी लिएको पतिपत्नी, छोराछोरी, आमाबुबा तथा महिला श्रमिकको हकमा सासू ससुरालेसमेत स्वास्थ्योपचारमा आर्थिक सहायताका लागि बोर्डसमक्ष निवेदन दिन पाउने व्यवस्था छ ।

**बाल सुधारगृहमा झडप**

## १९ सुरक्षाकर्मी र १० बालबन्दी घाइते

- ❑ २१ वर्षीय कमल बस्नेतको मृत्युपछि तनाव
- ❑ स्थति अनियन्त्रित भएपछि प्रहरीले चलायो तीन राउण्ड गोली
- ❑ फरारमध्ये २०४ जना पक्रा, १७ जनाको खोजी हुँदै

**भक्तपुर–** मध्यपुरथिमि नगरपालिका-२ सानोठिमीस्थित बाल सुधारगृहमा सोमबार प्रहरी र बन्दीबीच भएको झडपमा २९ घाइते भएका छन् । जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले राति ९ बजे घटनामा घाइते र क्षतिको अन्तिम विवरण आएको जानकारी दिँदै सुरक्षाकर्मीतर्फ १९ र बन्दीतर्फ १० घाइते भएको बताए ।

घाइते प्रहरीमध्ये थिमि वृत्तका प्रहरी निरीक्षक सञ्जिव ओलीको दाहिने हात भाँचिएर मध्यपुर अस्पतालबाट थप उपचारका लागि प्रहरी अस्पताल महाराजगञ्ज रिफर गरिएको छ । काठमाडौं कारागार दरबन्दी भई हाल परिसर भक्तपुरमा कार्यरत ३४ वर्षीय प्रहरी हवल्दार चन्द्रमाया राईको दाहिने खुट्टा भाँचिएर भक्तपुर अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए ।

घटनामा थिमि वृत्तका प्रहरी नायब उपरीक्षक रविन श्रेष्ठको दाहिने नलीखुट्टामा चोट लागेको, प्रहरी परिसर भक्तपुरका प्रहरी जवान लक्ष्मण खड्का, वरिष्ठ प्रहरी हवल्दार बेलकुमारी बुढाथोकी, प्रहरी हवल्दार सूर्य बस्नेत, हवल्दार ३८ वर्षीय श्यामसुन्दर ठाकुर, प्रहरी जवान पुनम टमाटा, प्रहरी सहायक हवल्दार बादुरे राउत, प्रहरी जवान सन्तोष पचभैया, प्रहरी जवान भरत अङ्केजाको भक्तपुर अस्पताल, मध्यपुर अस्पताल र भक्तपुर इन्टरनेसनल अस्पतालमा उपचार भएको प्रहरी उपरीक्षक केसीले जानकारी दिए ।

यसैगरी सशस्त्र प्रहरी बलतर्फ घाइते भएका वरिष्ठ प्रहरी हवल्दार हरिशरण थापा, प्रहरी सहायक हवल्दार माधव अधिकारी, ज्ञानबहादुर महत, प्रहरी जवान राम प्रवेश सिंह, उमेशकुमार कलवार, राधिका थापा, कल्पना श्रेष्ठ, सुदन सुवाल उनीहरू सबैलाई थप उपचारका लागि सशस्त्र प्रहरी अस्पताल बलम्बू रिफर गरिएको छ ।

त्यस्तै बालबन्दीतर्फ घाइते हुनेमा १८ वर्षीय साहिनी गोपाली, २२ वर्षीय दिले परियार, २१ वर्षीय विश्वास गपाली, २२ वर्षीय अर्जुन नेपाली, १८ वर्षीय सन्देश खत्री, २० वर्षीय दिनेश पुनमगर, २२ वर्षीय विशाल पाण्डे, १८ वर्षीय शंकर घर्ती, २२ वर्षीय उमेश कार्की, २० वर्षीय सञ्जिव तामाङ रहेका छन् । घाइतेमध्ये घर्तीको वीर अस्पतालको ट्रमा सेन्टरमा र अन्यको नागरिक अस्पताल, भक्तपुर इन्टरनेसनल अस्पताल, मध्यपुर अस्पताललगायत उपचार भइरहेको छ ।

त्यसैगरी सुधारगृहको गेट तोडेर बाहिर निस्कने क्रममा बालबन्दीले विभिन्न सामान तोडफोड गरी क्षति पुऱ्याएका छन् । प्रहरी उपरीक्षक केसीका अनुसार बालसुधारगृह कार्यालयको १ नं को पोस्टमा रहेको कुर्सी, टेबल, सिसाको बत्ती फुटाएको, एक थान टिभी, युसेफ नेपालका कार्यालयका झ्यालका सिसा, बत्ती, टेको, सिसी क्यामरा, कम्प्युटरको स्टेन तार राउटर र कुर्सी फुटाएर क्षति पुऱ्याएको छ ।

(बाँकी पृष्ठ २ मा)

## १९ सुरक्षाकर्मी...

पृष्ठ १ बाट जारी

त्यस्तै बाल सुधारगृह भवन, कुर्सी, बेञ्च, झ्याल, ढोका लाइटमा क्षति पुगेको छ भने बालबन्दी बस्ने ब्यारेकको झ्यालको सिसा, वाडेनको कार्यकक्षमा रहेको सिसिटिभी क्यामरा, मनिटर र दराज टेबल फुटाएर क्षति पुऱ्याएका छन् ।

बाल सुधारगृहमा रहेका ४३ जना केटी र २५६ जना केटा गरी २९९ बालबन्दी रहेको सुधारगृहको गेट तोडफोड गरेर २२१ जना फरार भएका थिए । फरारमध्ये २०४ जना पक्राउ परेका छन् भने १७ जनाको खोजी भइरहेको प्रहरी उपरीक्षक केसीले जानकारी दिए ।

बाल सुधारगृहभित्र प्रशासनले विभेद गरेको भन्दै बन्दीले नाराबाजी गर्दै घरेलु हतियार लिएर बाहिर निस्केपछि सुधारगृहभित्र रहेका ४३ जना बालिका बन्दी र केही पुरुष बन्दी भने बाल सुधारगृहभित्रै बसेका उनले जानकारी दिए । बन्दीले गेट तोडफोड गरेर बाहिर निस्कँदै घरेलु हतियार र ढुंगा प्रहार गरी प्रहरीमाथि नै आक्रमण गरेपछि स्थिति नियन्त्रणमा लिन बाध्य भएर प्रहरीले तीन राउण्ड गोली चलाउनुपरेको उनले जानकारी दिए ।

**यसरी भएको थियो घटनाको सुरु**

जिल्ला प्रहरी कार्यालय रामेछापबाट २०७७ जेठ २९ गते १८ वर्षको उमेरमा जबरजस्ती करणी अभियोगमा सजाय भुक्तान गर्न बाल सुधारगृह सानोठिमीमा ल्याइएको रामेछापको मन्थली नगरपालिका-३, कठजोरका २१ वर्षीय कमल बस्नेतको आइतबार बिहान मृत्यु भएपछि बाल सुधारगृह तनावग्रस्त बनेको थियो । शनिबारदेखि नै ज्वरो आएपछि परिवारलाई खबर गरेको र राति सिटामोल खाएर सुते पनि बिहान बिहोस पाइएपछि नागरिक अस्पतालमा उपचारका लागि लैजाँदा अस्पतालले मृत्यु भएको जानकारी गराएको थियो ।

बस्नेतको मृत्युपछि सुधारगृहमा रहेका पुरुष थुनुवाले भित्रैबाट र मृतकका आफन्तले बाहिरबाट नाराबाजी गर्दै भित्रै पसेपछि आइतबार पनि सुधारगृहको स्थिति तनावग्रस्त भएको थियो । मृतकका अफन्तले घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र उचित क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

मृतकको बाँया खुट्टाको तिघ्रामा पिलो आएको र पहिलादेखि नै आँखामा समस्या रहेको र ज्वरो आएको प्रहरीको भनाइ थियो । सुधार गृहले परिवारलाई मृत्यु भएको खबर दिए पनि मृत्युको कारण प्रस्टसँग जानकारी नगराएको र मृत्यु रहस्यमय भएको भन्दै आफन्तले घटनाबारे बुझ्न खोज्दा उल्टै प्रहरी वृत्त थिमिको प्रहरी निरीक्षकले टोलीले पीडित पक्षमाथि दुर्व्यवहार गरेको आफन्तले आरोप लगाएका थिए । उनीहरूले समयमै उपचार नपाउँदा ज्यान गएको भन्दै घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र क्षतिपूर्ति दिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

**यसरी भयो सोमबारको घटना**

जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रजिअ खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा आइतबार मृतक परिवारसँग बसेको बैठकले घटनाबारे यथार्थ बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्रप्रसाद निरौलाको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो ।

समितिलाई सात दिनभित्र सत्यतथ्य छानबिन गरी प्रतिवेदन पेस गर्ने, जिम्मेवारी तोकेको थियो । मृतकका परिवारको मागबमोजिम नै घटनाबारे सत्यतथ्य अनुसन्धान गर्ने, शवको परीक्षण गर्ने, त्यसको रिपोर्ट हेर्ने, क्षतिपूर्तिका लागि माथिल्लो निकायमा लेखि पठाउने र सोमबार घटनाका बारेमा प्रहरीमा जाहेरी दिनेसहित भएको थियो ।

मृतक परिवारसँग भएको सहमतिअनुसार सोमबार जाहेरी लिन प्रहरी तयारीमा बसेको थियो । सोमबारको घटनाबारे जानकारी दिँदै प्रजिअ रिजालले मध्याह्नसम्म पनि मृतक परिवार जाहेरी दिन नआएपछि सहायक प्रमुख जिल्ला अधिकारीले मृतकका आफन्तलाई जाहेरी दिन आउन आग्रहसमेत गरेको बताए ।

प्रहरी र प्रशासनलाई जाहेरी दिन आउँछौं भन्दै गरेका मृतकका आफन्त अचानक आज मध्याह्नपछि बाल सुधारगृह गएर नाराबाजी गर्दै सुधारगृहभित्रै प्रवेश गरेपछि स्थिति तनावग्रस्त बनेको उनले जानकारी दिए । उनका अनुसार त्यसलगत्तै बन्दीले भित्रैबाट नाराबाजी गर्दै गृहको भान्सामा रहेको खुकुरी, चक्कु, लाठी, भालालगायतका हतियार लिएर निस्केर बाहिर सुरक्षार्थ खटिएका प्रहरीमाथि जाइलागे । एकैपटक १०० भन्दा बढी बन्दी निस्केर प्रहरीलाई लखेटेका थिए । सानोठिमीका प्रत्यक्षदर्शीका अनुसार हातमा घरेलु हतियार लिएर बन्दीले सानोठिमी एसओएससम्म लखेटेका थिए ।

उनीहरूले प्रहरीमाथि ढुंगा प्रहार गरेका थिए । स्थिति अनियन्त्रित भएपछि प्रहरीले तीन राउण्ड गोली चलाएको र दुई बन्दी घाइते भएकोमा वीर अस्पतालमा उपचार भइरहेकामा एकको अवस्था गम्भीर रहेको बताइएको छ । बन्दीले समूहमै नाराबाजी गर्दै पैदलै काठमाडौं गएका थिए, कोही त्यतैबाट भागेका थिए । युसेपका अनुसार कोही बन्दी भने फर्किएर सुधारगृहमै आएका छन् ।

सोमबारको घटनामा मृतक बस्नेतका आफन्तको लापरबाही, सहमतिविपरीतको कदम भएकाले उनीहरूमाथि थप छानबिन गरी दोषी हठरिए उनीहरूलाई कारबाही हुने भएको छ । बन्दीलाई भड्काउने, उस्काउनेलाई कारबाही गर्न बन्दीका आफन्तबाटै माग भएको बताइएको छ । *रासस*

# प्रहरीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता

किमाथांका (संखुवासभा)- संखुवासभाको कारागारभित्र दुई कैदीको हत्या प्रकरणमा प्रहरीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानमा मुद्दा दर्ता भएको छ । कैदीको हत्या प्रकरणमा संलग्न देखिएका प्रहरी, चौकीदार र कैदीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरेर अनुसन्धान थालिएको हो । कारागारमा रहेको सिसिटिभी फुटेज अध्ययनबाट घटनामा प्रहरी र चौकीदारसहित केही कैदीको संलग्नता देखिएको थियो ।

कैदी मृत्यु प्रकरणमा प्रहरीसहित १२ जनाविरुद्ध कर्तव्य ज्यानमा मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले जानकारी दिए । अनुसन्धान टोलीको प्रतिवेदन आएपछि थप कारबाहीको प्रक्रिया अघि बढ्ने प्रनाउ गोदारले बताए ।

घटनालगत्तै गृह मन्त्रालयले कारागार विभागका निर्देशक कमलप्रसाद पाण्डेको नेतृत्वमा पाँच सदस्यीय छानबिन टोली बनाएको थियो । मन्त्रालयले छानबिन टोलीलाई १० दिनभित्र कारागार घटनाको प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो । कैदी मृत्यु प्रकरण प्रत्यक्ष संलग्न देखिएका पाँच प्रहरीलाई विभागीय कारबाहीका लागि सिफारिस गरिएको छ । कारागार सुरक्षा इन्चार्ज प्रहरी सहायक निरीक्षक (असई) लक्ष्मी चौधरीमाथि जिल्ला अदालतबाट भदौ १ गते शुक्रबार दोस्रोपटक पुनः म्याद थप गरेर अनुसन्धान भइरहेको छ । असई चौधरीसहित ११ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा दर्ता गरेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

पीडितले दिएको किटानी जाहेरीका आधारमा सहायक निरीक्षक चौधरीसहित कारागार निमित्त प्रमुख राजेन्द्र घिमिरेविरुद्ध जिल्ला अदालत संखुवासभाले गत साउन २८ गते पक्राउका लागि अनुमति दिएको थियो । कारागार निमित्त प्रमुख घिमिरेलाई भने हालसम्म पक्राउ गरिएको छैन । कुटपिटबाट संखुवासभा मादी नगरपालिका-५ का २० वर्षीय विनोद तोलांगी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको बुधबार बिहान मृत्यु भएको थियो । २५ जनाको क्षमता रहेको कारागारमा अहिले १३६ जना कैदीबन्दी छन् । *रासस*

## कोशीमा...

पृष्ठ १ बाट जारी

मन्सुरी कांग्रेसका प्रदेशसभा सदस्य हुन् । उनले गीता तिमल्सिनालाई बैठकको अध्यक्षता गराएर मुख्यमन्त्रीलाई विश्वासको मत दिन गएपछि एमाले रुष्ट बनेको बताइएको छ । उपसभामुख दनुवार काठमाडौंको सहिद गंगालाल हृदय केन्द्रमा भर्ना भएकी छन् ।

मत विभाजन हुँदै गरेको बेला सभामुख परिवर्तन गरी मन्सुरीले विश्वासको मत दिएका हुन् । उपसभामुख दनुवारसहित केही ज्येष्ठ सदस्य अनुपस्थित रहने भएपछि कांग्रेसका मन्सुरीले सभाको अध्यक्षता गरेका थिए । प्रदेशसभामा सत्तागठबन्धनको ४७ सिट छ । तर, अन्सारीले बैठकको अध्यक्षता गरेपछि ४६ मतमात्र थियो । विश्वासको मत पाउनका लागि ४७ मत आवश्यक पर्छ ।

सभाको अध्यक्षता गर्ने व्यक्तिले दुवैतर्फ मत बराबर भएमात्र निर्णायक मत दिन पाउने संवैधानिक व्यवस्था रहेको छ ।

९३ सदस्यीय प्रदेशसभामा उपसभामुखसहित एमालेका ४० र राप्रपाका छ सांसद एउटा समूहमा छन् । सत्ता गठबन्धनमा कांग्रेसका २९, माओवादीका १३, नेकपा एकीकृत समाजवादीका चार र जसपाका एक गरी ४७ सांसद छन् ।


## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: E.G. ESTIA CYPRUS PRIVATE EMPLOYMENT AGENCY

पूर्व स्वीकृति मिति : २०८०/०५/०३ LT. No. 291152 चलानी नं.६०२०६४३५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | EUR | ने.रू. | | | | | | | |
| 1 | Cook A | 1 | 0 | 1000 | १४४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook B | 2 | 0 | 900 | १३०,०६० | | | | | | | |
| 3 | Domestic Worker | 0 | 15 | 314 | ४५,३७५ | | | | | | | |
| 4 | Waitress | 0 | 2 | 750 | १०८,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२ गते (29th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ६०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.S.Group of Management Pvt.Ltd.**

Govt. License 1100/073/074

Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : METRO TAXI LLC

पूर्व स्वीकृति मिति : २०७८/१२/१५ LT. No. 260686 चलानी नं. ६०१७६९१६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Light Vehicle Driver | 100 | 0 | 1600 | ५७८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२,१४ गते (29,31th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Raj Group Of Company Pvt.Ltd.**

श्रम ईजाजत न .१२४५/०७३/०७४

Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-4386500

Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENCY HOUSE BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८०/०५/०४ LT No. 291376 चलानी नं. ६०२०६१५०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Helper | 5 | 0 | 900 | ३२,५१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenters | 5 | 0 | 1200 | ४३,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२ गते (29th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047

Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN PRISMA IDAMAN

पूर्व स्वीकृति मिति २०८०/०५/०४ LT. No. 291361 चलानी नं. ६०२०६५४३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cook | 5 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२ गते (29th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAGARMATHA OVERSEAS Pvt.Ltd.**

Govt. License 1601/079/080

Anamnagar 29 Kathmandu, Kathmandu Nepal

Tel +977-01-5913446, Mobile :+977-9817024503

E-mail: Sagarmathaoverseas2023@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/०१/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०४ LT. No. 285417 चलानी नं. ६०२००८२२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 50 | 0 | 850 | ३०,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Filling Clerk | 30 | 20 | 2000 | ७१,३२५ | | | | | | | |
| 3 | Messenger | 20 | 0 | 1700 | ६०,६२५ | | | | | | | |
| 4 | Packer | 43 | 0 | 900 | ३२,०९५ | | | | | | | |
| 5 | Plumber | 20 | 0 | 1200 | ४२,७९५ | | | | | | | |
| 6 | Porter | 50 | 0 | 850 | ३०,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२ गते (29th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## Seti Campus

Matela , Bajhang

**Invitation For Bids**

1st date of publication: 22Aug, 2023

1. Seti Campus invites electronic bid from eligible bidders for the following bid under NCB:

| IFB No. | Description | Estimated Bid Amount Exclusive VAT | Bid security Amount (Nrs.) | Bid Doc Fee (Nrs) | Last Date of Bid Submission | Bid Opening Date | Pre-bid meeting Date |
|---|---|---|---|---|---|---|---|
| SCBJH/ NCB/W/ S/01-080/8 | 2nd floor Building Construction of seti Campus | 43,31,696.01 | 1,26,000 | 3000 | 21 Sep,2023 before 12.00 hours | 21 Sep,2023 at 14.00 hours | 11 Sep,2023 at 11.00 hrs |

2. Eligible bidders may obtain detail information from PPMO's website www.bolpatra.gov.np/egp.

Campus Chief



## Bajhangdeep Campus

Kedarsyun-9 Jhota, Bajhang

**INVITATION FOR BIDS**

1st date of publication: 22Aug, 2023

1. Bajhangdeep Campus invites electronic bid from elligible bidders for the following bid under NCB:
Total bid amount: 4,854,369 (including vat)
Total bid amount: 42,95,902 (without vat)

| IFB No. | Description | Bid Security Amount (Nrs) | Bid Doc Fee (Nrs) | Last Date of Bid Submission | Bid Opening Date | Pre-bid meeting Date |
|---|---|---|---|---|---|---|
| Bdc/bajhang/ NCB/W/1/ 080/81 | 1st floor Building and toilet Construction of Bajhangdeep Campus | 1,30,000.00 | 3000 | 21 Sep, 2023 before 12.00 hours | 21 Sep, 2023 before 14.00 hours | 11 Sep, 2023 at 11.00 hrs |

2. Eligible bidders may obtain detail information from PPMO's website *www.bolpatra.gov.np/egp.*

Campus Chief



## रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कोशी प्रदेश मोरङ, नेपाल

### रतुवामाई नगरपालिकाद्वारा जनहितमा जानकारी मुलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्ने उपाय :**

क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२) चट्याङको समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपाय :**

क) विजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**

**यसबाट बच्ने उपाय :**

क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।

प्रधानन्यायाधीशलाई सांसदको प्रश्न–

# न्याय कसका कारण महँगो ?



■ कालिका खड्का

**काठमाडौं–** सिंहदरबारस्थित संसदीय सुनुवाइ समितिमा प्रस्तावित प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलाई अधिकांश सांसदको प्रश्न थियो, 'न्याय प्रणाली किन ढिलो र महँगो भयो, आमजनताको पहुँचमा किन सहजरूपमा किन पुग्न सकेन ?'

मुलुकको न्यायप्रणाली सबै नागरिकका लागि सहज र सर्वसुलभ हुन नसकिरहेका बेला सोमबार प्रस्तावित प्रधानन्यायाधीशको संसदीय सुनुवाइको मौका छोपेर विधायकले यो प्रश्न गरे ।

सांसद महेशकुमार बर्तौलाले सोधे, 'न्याय महँगो भयो भनिन्छ, कसका कारणले हो ? बार कि बेञ्चका कारणले ?' सांसद देवेन्द्र दाहालले पनि सोही आशयको प्रश्न राखे । उनले भने, 'यहाँसँग पूर्ण मुद्दा फस्र्योटमा आगामी कार्ययोजना के छ ? सर्वसाधारणमा न्यायप्रणालीलाई पहुँचयोग्य बनाउन योजना के छ ?' यसै मेसोमा सांसद ईश्वरीदेवी न्यौपानेले पनि प्रश्न थपिन्, 'निमुखाले न्याय कहिले पाउँछन् ?'

सांसदहरूका यी प्रश्न महँगो न्यायप्रणालीप्रति लक्षित थियो । जवाफमा प्रस्तावित प्रधानन्यायाधीश श्रेष्ठले भने, 'जतिसक्दो छिटो मुद्दाको फस्र्योट गर्ने योजना नै बनाएर काम गरिरहेका छौं, एक वर्षदेखि शुक्रबार पनि थप दुई घण्टा निःशुल्क काम गरिरहेका छौं, यो बीचमा मुद्दा फस्र्योटको राम्रो छ ।' न्याय सम्पादन सहज, छिटो, छरितो बनाउन आफूहरू लागिपरेको भन्दै आफ्नो कार्यकालमा सक्दो प्रत्यन्त गर्ने उनले प्रतिबद्धता जनाए । प्रस्तावित प्रधानन्यायाधीश श्रेष्ठले न्यायालयमा विकृति तथा विसंगति भित्रन नदिने प्रतिबद्धता व्यक्त गर्दै आफ्नो १३ महिने कार्यकालमा न्यायालय सुधारका काममा पूर्णरूपमा लाग्ने बताए ।

सांसद लीलानाथ श्रेष्ठले राखेका छिटो न्याय कसरी दिन सकिन्छ भन्ने जिज्ञाशामा प्रस्तावित प्रधानन्यायाधीश श्रेष्ठले भने, 'जिल्लादेखि सुरु भएर सर्वोच्च अदालतसम्म मुद्दा आइपुग्दा समय लाग्ने गरेको छ, अदालती प्रक्रिया पूरा गर्दा पनि समय लाग्छ ।'

सांसदहरूले सर्वोच्च अदालतमा सात र उच्च अदालतमा ५० भन्दा बढी न्यायाधीश नहुनु तथा छ उच्च अदालतमा मुख्य न्यायाधीश नहुनु गम्भीर विषय भएकोप्रति चासो व्यक्त गरेका थिए । सांसद पदम गिरीले न्यायालयको सुधारमा पूर्वप्रधानन्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको बनेको प्रतिवेदनले न्यायालयमा विचौलिया भएको स्पष्टरूपमा देखिएको स्मरण गराउँदै विचौलियाको अन्त्य गनुपर्ने, एउटा मुद्दा सकिने निश्चित समय तय हुनुपर्ने र विकासमा अदालत बाधक बन्नु नहुनेलगायतका विषयमा प्रश्न सोधे । जवाफमा श्रेष्ठले भने, 'अदालत विकासको बाधक होइन । विकास निर्माणका मुद्दालाई प्राथमिकता साथ सुनुवाइ गर्ने नीति नै बनाएका छौं ।'

सांसद रमेशजंग रायमाझीले न्याय आमजनताको पहुँचमा हुनुपर्ने सुझाव दिँदै कानुनका आधारमा भन्दा पनि सडकको भीडमा भरपर्ने जस्तो पनि देखिएको छ नि भन्ने प्रश्न राखे । जवाफमा प्रस्तावित प्रधानन्यायाधीश श्रेष्ठले संविधान, कानुन र न्यायको मान्य सिद्धान्तभन्दा बाहिर गएर अदालतले न्यायनिरूपण नगर्ने स्पष्ट पारे ।

सांसदहरू डोलप्रसाद अर्याल, ईश्वरीदेवी घर्ती, प्रकाश अधिकारीलगायतले पनि न्याय निमुखाका लागि हुनुपर्ने र छिटोछरितोरूपमा न्याय पाउनुपर्ने र त्यसका लागि द्रुत न्यायको योजनाबारे जिज्ञासा राखेका थियो । सुनुवाइका क्रममा श्रेष्ठले समितिसमक्ष १८ पृष्ठ लामो कार्ययोजना प्रस्तुत गरेका थियो । कार्ययोजनामा न्यायपालिकामा हुनसक्ने विकृति, विसंगति, अनियमिततालगायतका अवाञ्छित गतिविधिको नियन्त्रणसम्बन्धी कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने, ढिलासुस्ती तथा भ्रष्टाचारजन्य गतिविधिको नियन्त्रण गर्न सुक्ष्म अनुगमनकर्ता खटाई प्रतिवेदन लिने र कारबाही गर्ने प्रणालीको विकास गर्नेलगायतका योजना रहेको उल्लेख गरे ।

त्यस्तै, न्यायाधीश, कर्मचारी आचारसंहिताको कार्यान्वयन एवं नियुक्ति, सरुवा र बढुवालगायत वृत्तिविकासमा कार्य सम्पादन स्तर, सदाचार र सेवाग्राहीसँगको व्यवहारलाई मुख्य आधार बनाइने, न्यायाधीशको आचरण, निष्ठालगायतका अनुशासनसम्बन्धी विषयलाई न्यायाधीशको नियुक्ति, सरुवा तथा पुरस्कार दण्डसँग आबद्ध गर्दै लैजानेलगायतका कार्ययोजना उनले प्रस्तुत गरे ।

प्रधानन्यायाधीश नियुक्तिका लागि संवैधानिक परिषद्ले सिफारिस गरेपछि संसदीय सुनुवाइ समितिले अनुमोदन गरी राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । प्रधानन्यायाधीश हरि कृष्ण कार्कीले उमेर हदका कारण गत साउन २० गते अवकाश लिएका थिए । संवैधानिक परिषद् बैठकले सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीश श्रेष्ठलाई प्रधानन्यायाधीशमा गत साउन १८ गते सिफारिस गरेको थियो । साथै सो उपर साउन २३ मा बसेको संसदीय सुनुवाइ समितिको बैठकले श्रेष्ठविरुद्ध १० दिनको म्याद दिएर उजुरी आह्वान गरेको थियो । सोमबार उक्त उजुरीउपर सुनुवाइ गर्दै प्रस्तावित प्रधानन्यायाधीशमा श्रेष्ठलाई सर्वसम्मतिले अनुमोदन गरेको छ । ज्येष्ठ सदस्यका रूपमा समिति सभापति पशुपतिशमशेर जवराले प्रधानन्यायाधीशमा श्रेष्ठको नाम सर्वसम्मपतिले अनुमोदन गरेको सुनाए । *रासस*

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०४/०५**

यस कम्पनीको मिति २०८०/०४/३० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **जनता गोल्डेन व्राइट फ्युचर पोलिक्लिनिक प्रा.लि**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **जनता गोल्डेन व्राइट फ्य'चर क्लिनिक प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जनता गोल्डेन व्राइट फ्य'चर क्लिनिक प्रा.लि. (प्रा.लि.नं.३१४६६५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/०५/०५**

श्री सदाबहार सामुदायिक बन उपभोक्ता समूह शान्तिनगर १, २ र बबई ६ को बनबाट उत्पादन भई समूहको कार्यालय भवन अगाडी घाटगद्दी गरी राखिएको साल जातको काठ ३१४९.५८ क्यू.फि., अन्य काठ ६७८.४६ क्यू.फि. र साल दाउरा ११.०० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**सदाबहार सामुदायिक बन उपभोक्ता समूह**
**शान्तिनगर १, २ र बबई ६ दाङ**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HENG HUP METAL SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/०३ | LT. No. 291207 | चलानी नं. ६०२०६५२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 68 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ११ गते (28th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 291207 मिति: २०८०/०५/०४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLITZ LOUNGE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०४ | LT. No 291345 | चलानी नं. ६०२०६५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,६६५ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 150 | ६४,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२ गते (29th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN KAPITAN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/०३ | LT. No. 291264 | चलानी नं. ६०२०४२२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४२,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ११ गते (28th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 291264 मिति: २०८०/०५/०३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Sandiya Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOFA AL- JAZEERAH FOR CONSTRUCTION EST.

पूर्व स्वीकृति मिति : २०८०/०५/०३ | LT. No. 291289 | चलानी नं. ६०२०६४९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder | 1 | 0 | 1000 | ३५,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १२ गते (29th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

